यस बाँसगढी नगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री खड्क बहादुर खड्का ज्यूको अध्यक्षतामा निम्न मिति, समय र स्थानमा बैठक बसि देहायका प्रशताव उपर छलफल गरि निर्णय गरियो ।

बैठक नं. १४१

मिति:-२०८२/०६/२४

समय:- दिनको १:०० बजे

स्थान:- नगर कार्यपालिका भवन बाँसगढी ,बर्दिया

<u>बैठकमा भएको उपस्थिति:</u>

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | खड्क बहादुर खड्का | नगर प्रमुख | |
| २ | इन्दिरा चौधरी | नगर उपप्रमुख | |
| ३ | जयराज पाण्डे | कार्यपालिका सदस्य | |
| ४ | अर्जुन कुमार खड्का | कार्यपालिका सदस्य | |
| ५ | रामचन्द्र थारु | कार्यपालिका सदस्य | |
| ६ | कृष्णप्रसाद बास्तोला | कार्यपालिका सदस्य | |
| ७ | दहवा थारु | कार्यपालिका सदस्य | |
| ८ | लाल बहादुर क्षेत्री | कार्यपालिका सदस्य | |
| ९ | बलिराम चौधरी | कार्यपालिका सदस्य | |
| १० | तुलप्रसाद गौतम | कार्यपालिका सदस्य | |
| ११ | चन्द्र बहादुर शाही | कार्यपालिका सदस्य | |
| १२ | बुद्धिमाया सार्की | कार्यपालिका सदस्य | बुद्धिमाया |
| १३ | सरिता तिवारी | कार्यपालिका सदस्य | सरिता |
| १४ | मनिता चौधरी | कार्यपालिका सदस्य | मनिता |
| १५ | राधिका रावत | कार्यपालिका सदस्य | |
| १६ | जेनिसा वली | कार्यपालिका सदस्य | |

CamScanner

| | | | |
|---|---|---|---|
| १७ | गगन सिं बि. क. | कार्यपालिका सदस्य | |
| १८ | याम बहादुर सुनार | कार्यपालिका सदस्य | |
| १९ | भद्र बहादुर परीयार | कार्यपालिका सदस्य | |
| २० | नेत्र बहादुर वली | सचिव | |

## बैठक व्यवस्थापनमा उपस्थित कर्मचारीहरु6*

| सि.नं. | नाम थर | पद | हस्ताक्षर | |
|---|---|---|---|---|
| १ | शेर बहादुर के.सी. | व.प्र.अ. | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |

CS CamScanner

बाँसगढी नगरपालिका नगर कार्यपालिको बैठक नं १४१ मा प्रस्तुत भएका प्रस्ताव र भएका निर्णय

बैठक मिति : २०८२/०६/२४ समय दिनको १:०० बजे

बैठकको अध्यक्षता : नगर प्रमुख श्री खडक बहादुर खड्का

**प्रस्ताव नं. १**

प्रस्तावको विषय: विषय : नेपाल सरकार सशर्त अनुदान सूचना प्रविधि प्रयोगशाला निर्माण सम्बन्धी विनियोजन बजेट अनुदान सम्बन्धमा।

कानूनी आधारहरू : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७।

निर्णय हुनुपर्ने विषय : नेपाल सरकार सशर्त अनुदान सूचना प्रविधि प्रयोगशाला निर्माण सम्बन्धी विनियोजन बजेट अनुदान दिने सम्बन्धमा।

भएको निर्णय : यस बाँसगढी नगरपालिकाका लागि सूचना प्रविधि प्रयोगशाला निर्माणका लागि चालु आ.व. २०८२।८३ मा नेपाल सरकार सशर्त अनुदानमा विनियोजित बजेट बाट तपशिल बमोजिमका विद्यालयहरुका लागि कार्यक्रम कार्यान्वायन कार्यविधि २०८२ मा भएको व्यवस्था बमोजिम कार्य गर्न अनुदान उपलब्ध गराउने।

तपशिल

क. श्री लालीगुराँस मा.वि. माछागढ बाँसगढी न.पा.९ माछागढ बर्दिया रु १०,००,०००। (दश लाख रुपैया )।

ख. श्री सिद्धार्थ आ.वि. हाउपुर बाँसगढी नपा ५ हाउपुर बर्दिया रु १०,००,०००। (दश लाख रुपैया )।

**प्रस्ताव नं.: २**

प्रस्तावको विषय: नेपाल सरकार सशर्त अनुदान बिद्यालय भवन निर्माण सम्बन्धी बजेट बिनियोजन सम्बन्धमा।

कानूनी आधारहरू : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७।

निर्णय हुनुपर्ने विषय : नेपाल सरकार सशर्त अनुदान बिद्यालय भवन निर्माण सम्बन्धी बजेट बिनियोजन सम्बन्धमा

भएको निर्णय : यस बाँसगढी नगरपालिकामा विद्यालय भवन निर्माणका लागि चालु आ.व. २०८२।८३ मा नेपाल सरकार सशर्त अनुदानमा बिनियोजित बजेट रु.१,१०,०००००।–(एक करोड दश लाख रुपैया) रकम बाट तपशिल अनुसारका विद्यालयहरुमा भवन निर्माण गर्नको लागि बजेट बिनियोजन गर्ने।

तपशिल

क. श्री बालकल्याण प्राथमिक विद्यालय थुमनी बाँसगढी न.पा. ९ बर्दिया रु.५५,००,०००।–(पचपन्न लाख मात्र)

ख. श्री जनता आधारभूत विद्यालय कुरुले बाँसगढी न.पा. १ बर्दिया रु.५५,००,०००।–(पचपन्न लाख मात्र)

**प्रस्ताव नं.: ३**

प्रस्तावको विषय: अन्तिम लेखापरीक्षणका लागि लेखा परिक्षक नियुक्ति गर्ने सम्बन्धमा।

कानूनी आधारहरू : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७।

निर्णय हुनुपर्ने विषय : अन्तिम लेखापरीक्षणका लागि लेखा परिक्षक नियुक्ति गर्ने सम्बन्धमा।

भएको निर्णय : बाँसगढी नगरपालिकाको खेलकुद गतिविधि व्यवस्थित रुपमा संचालन गर्न गठित नगर खेलकुद विकास समितिका लागि आ.व.२०८१।८२ मा उपलब्ध गराइएको अनुदान रकम खर्चको अन्तिम लेखापरीक्षणका लागि श्री निलकण्ठ रेग्मी (एन. के. एण्ड एसोसियट्स) बुटबल-७, रुपन्देही लाई नियुक्ति गर्ने।

**प्रस्ताव नं.: ४**

प्रस्तावको विषय: भुक्तानी दिन बाँकी रकम भुक्तानी दिने सम्बन्धमा।

कानूनी आधारहरू : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७।

निर्णय हुनुपर्ने विषय : भुक्तानी दिन बाँकी रहेको रकम भुक्तानी दिने सम्बन्धमा।

बहादुर
प्रमुख प्रशासकीय अधिकृत

भएको निर्णय : यस बाँसगढी नगरपालिकाका भूमिहिन दलित,भुमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुले भोगचलन गर्दै आएको वडा नं.१ देखि वडा नं. ९ सम्मको ऐलानी जग्गा प्रत्येक वडामा ३ जना प्राबिधिक कर्मचारी टोली बनाई नापजाँच कार्यक्रम लागि गत आ.ब. २०८१।०८२ मा वडाहरुमा पठाएकोमा नापजाँचको लागि पठाएका कर्मचारी/टोलीहरुको खाना,खाजा र बसोबास ब्यवस्थापन वडा कार्यालयहरुबाट गर्ने र सो सम्बन्धमा हुने खर्च नगर कार्यपालिकाको तर्फ बाट भुक्तानी गर्ने भनि निर्णय भए बमोजिम गत आ.ब.२०८१।०८२ मा बजेट अभावका कारण नापजाँचको लागी खटिएका कर्मचारी टोलीहरुको खाना,खाजा र बसोबास ब्यवस्थापन बापतको रकम भुक्तानी हुन नसकेकाले चालु आ.ब. २०८२।०८३ को बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गतको चालु खर्च शीर्षक नं.२२५२२ भूमि ब्यवस्थापन सम्बन्धी बिबिध कार्यक्रम शीर्षकमा बिनियोजित बजेट बाट निम्न अनुसारको रकम भुक्तानी दिने ।

तपशिल

| सि.नं. | वडा नं. | भुक्तानी दिने रकम रु. | कैं |
|---|---|---|---|
| १ | १ | १,००,०००।- | |
| २ | २ | ७२,०००।- | |
| ३ | ३ | ६०,१००।- | |
| ४ | ४ | ३६,०००।- | |
| ५ | ६ | १२,०००।- | |
| ६ | ७ | ६१,६००।- | |
| ७ | ९ | २८,५००।- | |
| जम्मा | | ३,७०,२००।- | |

स्थानीय सरकार सञ्चालान ऐन,२०७४ को दफा ८४ को उपदफा २ (ज) बमोजिम निर्णय प्रमाणित गर्ने

नाम,थर : नेब बहादुर वली
कार्यपालिका सचिव एवं प्रमुख प्रशासकीय अधिकृत
मिति: २०८२।०६।२४ गते

CamScanner